# कालीगण्डकी गाउँपालिका,स्याङ्जा
## गाउँ कार्यपालिकाको बैठक नं.१३
## (मिति २०८३ वैशाख ०३)

गाउँकार्यपालिकामा प्रस्तावको रुपमा पेश हुन आएका निम्न विषयहरुमा गाउँपालिकाका श्रद्धेय कार्यवाहक अध्यक्ष श्री सावित्रा कोइरालाज्यूको अध्यक्षता तथा देहाय बमोजिमका पदाधिकारीहरुको उपस्थितिमा छलफल भै सर्वसम्मतिमा देहायमै उल्लेख भए बमोजिम निर्णयहरु गरिएको छ ।

| दस्तखत | पदाधिकारी | गाउँपालिका/वडा नं. | नाम,थर |
|---|---|---|---|
| | कार्यवाहक अध्यक्ष | गाउँपालिका | श्री सावित्रा कोईराला |
| | वडा अध्यक्ष | १ | श्री कृष्ण बहादुर लामिछाने |
| | वडा अध्यक्ष | २ | श्री खगिसरा आले |
| | वडा अध्यक्ष | ३ | श्री देवेन्द्र कुमार थापा |
| | वडा अध्यक्ष | ४ | श्री यादव प्रसाद पाण्डेय |
| | वडा अध्यक्ष | ५ | श्री रुक बहादुर थापा |
| | वडा अध्यक्ष | ६ | श्री सुन्दर प्रसाद अधिकारी |
| | वडा अध्यक्ष | ७ | श्री उम प्रसाद भट्टराई |
| | कार्यपालिका सदस्य | | श्री हुमा देवी सार्की |
| | कार्यपालिका सदस्य | | श्री टिकीसरा भट्टराई |
| | कार्यपालिका सदस्य | | श्री दिपा सिंजाली |
| | कार्यपालिका सदस्य | | श्री रुपमाया राना |
| | कार्यपालिका सदस्य | | श्री लोक बहादुर सुनार |
| | कार्यपालिका सदस्य | | श्री प्रेम सिंह बोटे |
| | प्रमुख प्रशासकीय अधिकृत | गाउँपालिका | भेषराज आचार्य |

अन्य उपस्थितिः

| | | | |
|---|---|---|---|
| | अधिकृत | गाउँपालिका | हिरामणी पाण्डे |
| | स.क.अधिकृत | गाउँपालिका | सुन्दर भट्टराई |
| | | | |
| | | | |

कालीगण्डकी गाउँपालिका

# गाउँकार्यपालिकाको कार्यालय

विर्घा स्याङ्जा

मिति २०८३/०१/०३

गाउँकार्यपालिकाको १४ औं बैठकका प्रस्तावहरु

प्रस्ताव नं. १ विद्यार्थी भर्ना तथा कक्षा सञ्चालन सम्बन्धनमा ।

प्रस्ताव नं. २ कृषि उपज प्रशोधन मेसिन हस्तान्तरण सम्बन्धमा ।

प्रस्ताव नं. ३ आर्थिक सहायता सम्बन्धमा ।

प्रस्ताव नं. ४ बालमैत्री स्थानीय शासनका सूचकहरु को सरलीकरण सम्बन्धमा ।

प्रस्ताव नं. ५ बालपमैत्री/ पोषणमैत्री स्थानीय शासनसँग सम्बन्धित कार्यविधि, विधान, मापदण्डहरु स्वीकृत सम्बन्धमा।

प्रस्ताव नं. ६ ब्याक हो लोडरको भाडादर सम्बन्धमा ।

CamScanner

कालीगण्डकी गाउँपालिका
**गाउँकार्यपालिकाको कार्यालय**
विर्घा स्याङ्जा

मिति २०८३/०१/०३

गाउँकार्यपालिकाको १४ औं बैठकका निर्णयहरु

निर्णय नं. १ प्रस्ताव नं १ मा छलफल गर्दा गाउँपालिकामा सञ्चालित माध्यमिक विद्यालयहरुमा नयाँ शैक्षिक सत्र २०८३ को लागि विद्यार्थी भर्ना अभियान २०८३/०१/०४ गते देखि २०८३/०१/०८ गते सम्म गर्ने र कक्षा सञ्चालन मिति २०८३/०१/०९ गते देखि सुरु गराउने निर्णय गरियो ।

निर्णय नं. २ प्रस्ताव नं २ मा छलफल गर्दा गण्डकी प्रदेश मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम र गाउँपालकाको साझेदारीमा आ.व. २०८०/८१ मा खरिद गरिएको यस कार्यालयको जिन्सी खातामा दर्ता भएको मेशिन Impulse Hand Sealer थान २, Ginger/Turmeric Slicer थान १, Turmeric / Ginger Spices Grinder Mill थान १, Combined Mill थान १ मकै र बेसार प्रशोधन तथा ब्रान्डिङका लागि कालीगण्डकी कृषि उद्यमी महिला सहकारी संस्था लि. लाई हस्तान्तरण गर्ने निर्णय गरियो ।

निर्णय नं. ३ प्रस्ताव नं ३ मा छलफल गर्दा खरको छानो विस्थापनको लागि वडा नं ४ निवासी चोक बहादुर थापालाई रु. ५० हजार आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ४ प्रस्ताव नं ४ मा छलफल गर्दा गाउँपालिका स्तरीय बालमैत्री समितिले निर्णय गरि पेश गरेको बालमैत्री स्थानीय शासनका सूचकहरुको मापन योग्य सरलीकरणलाई स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. ५ प्रस्ताव नं ५ मा छलफल गर्दा गाउँपालिका स्तरीय बालमैत्री समितिले पेश गरेको तपसिल बमोजिमका मापदण्ड र विधानहरु स्वीकृत गर्ने निर्णय गरियो।

१. कालीगण्डकी गाउँपालिकाको विद्यालय सवारी साधन सञ्चालन तथा व्यवस्थापन मापदण्ड
२. प्रारम्भिक बालविकास केन्द्र पूर्व प्राथमिक कक्षा सञ्चालन सम्बन्धी मापदण्ड
३. कालीगण्डकी गाउँपालिकाको बाल समूह/ बाल संजालको गठन तथा कार्य सञ्चालन विधान

निर्णय नं. ६ प्रस्ताव नं ६ मा छलफल गर्दा इन्धनमा भएको मूल्य वृद्धीका कारण यस कार्यालयको ब्याक हो लोडर मेसिन भाडामा प्रयोग गरे वापत संकलन हुने राजश्वलाई रु ३२०० प्रति घण्टा कायम गर्ने निर्णय गरियो ।

CamScanner